# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

## भिमाद नगरपालिका, तनहुँ




**२०७८ मंसीर**

**सेवा तथा सहयोग प्रदायक संस्थाः**
**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**
**पोखरा**

**प्रस्तोताहरुः**
**गणेश शर्मा अधिकारी**
**बोबिन नेपाली**

# विषयसूची


१. पृष्ठभूमी ........................................................................ ३

२. अध्ययनको महत्व ........................................................................ ४

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण उद्धेश्यहरु ........................................ ५

४. लैससास परीक्षणले समेटेका क्षेत्रहरु ........................................................................ ५

५. लैससासको विधि र तरिका ........................................................................ ६

६. लैङ्गिक परीक्षणका सहभागीहरु ........................................................................ ९

७. लैङ्गिक परीक्षणबाट आएका मूख्य प्राप्तिहरु ........................................................................ ११

८. लैलसास परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था .. १४

९. भिमाद नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा सबल तथा सुधार गर्नुपर्ने पक्षहरु ........................................................................ २०

१०. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना ........................................................................ २४

११. अनुगमन तथा मूल्याङ्कन ........................................................................ ३३

१२. निश्कर्ष ........................................................................ ३३

१३. सुझावहरु ........................................................................ ३३

## १. पृष्ठभूमी

नेपालको संबिधान २०७२ को प्रस्तावनामा नै लैङ्गिक लगायत विभिन्न किसिमका विभेद र जातीय छुवाछुतको अन्त्य गरि समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने कुरा उल्लेख गदै मौलिक हक र दायित्व खण्डमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सुनिश्चित गर्न विभिन्न मौलिक हकको व्यवस्था गरिएको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ ले पनि लैससास सम्बन्धी व्यवस्था प्रस्तावनामानै उल्लेख गरि यससम्बन्धी विभिन्न प्रावधानहरुको व्यवस्था गरेको छ । यसका अतिरिक्त नेपाल विभिन्न अन्तराष्ट्रिय अभिसन्धिहरुको पक्ष राष्ट्र भई अन्तराष्ट्रिय स्तरमा प्रतिवद्धता व्यक्त गदै सोहि अनुसारका व्यवस्थाहरु कार्यन्वयन गदै आईरहेको पनि छ । साथसाथै विभिन्न संसदीय प्रतिवद्धता, नेपाल सरकारका आवधिक योजनाहरु, वार्षिक नीति तथा कार्यक्रम तथा बजेटले लैससासलाई प्राथमिकताका साथ आत्मसात गरेका छन् । मुलुकी फौजदारी संहितालयायतका ऐनहरुले विभेद र असमानतालाई दण्डनीय बनाई सजायको व्यवस्था समेत गरेका छन् । तर बिभिन्न संबैधानिक, कानूनी, नीतिगत तथा सँस्थागत ब्यवस्थाहरुको लामो अवधिसम्मको कार्यान्वयनको वावजुत नेपालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा अपेक्षित उपलब्धी हासिल हुन सकेको छैन ।

नेपालको वर्तमान संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । त्यस्तै संविधानको धारा १८ को समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने तथा सामान्य कानूनको प्रयोगमा कुनै पनि आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ । साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका ब्यक्ति, गर्भावस्थाका ब्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसाथ गरिएको छ ।

नेपालमा सरकारी स्तरबाट महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास गर्ने उद्देश्यले लैससास सम्बन्धि नीतिलाई स्थानीय तहमा कार्यान्वयन गर्न संघीय, प्रादेशिक तथा स्थानिय सरकारहरुले अधिकतम प्रयासहरु गरिरहेका छन् । यसै परिप्रेक्षमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नेपाल सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट संचालन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गरी संघ, प्रदेश र स्थानीय तहमा कार्यान्वयन गदै आइरहेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्वन्धी व्यवस्थालाई प्रस्तावनामा नै उल्लेख गर्ने क्रममा लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरि कानूनी राज्य र दीगो विकासको अवधारणा अनुरुप शासन प्रणालीलाई स्थानीय तहदेखिनै सुद्रढीकरण गर्ने लगायतका उद्देश्य पुर्ति गर्न यो ऐन बनाईएको उल्लेख गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा निम्नानुसारका प्रावधानहरुको व्यवस्था गरेको छ ।

(क) नगरपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धि व्यवस्था ।

(ख) वडा समितिको काम,कर्तव्य र अधिकार अन्तरगत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्ने, विभिन्न समुदायबीच सामाजिक सद्भाव तथा सौहार्दता कायम गर्ने, बालबिबाह, बहुबिबाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो प्रथा, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था ।

(ग) स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएका वर्गको सहभागितामा जोड, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा जोड दिंदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था ।

माथी उल्लेख गरिएझैं यसै ऐनको दफा ११ (२) मा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन गर्ने जिम्मवारी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र जिम्मेवारीमा उल्लेख गरिएको छ भने दफा २४ (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद व्यवस्थापन, लैङ्गिकतथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्नेछ भन्ने व्यवस्था गरिएकोछ । यसैगरी सोही ऐनको दफा २४ (३) मा गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्नेछ भनी उल्लेख गरिएको छ । गण्डकी प्रदेश सरकार अर्न्तगतको गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले पनि आफ्ना नियमित क्रियाकलापहरुको अतिरिक्त लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विकास र प्रर्वधनको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ । यसै क्रममा यस प्रतिष्ठानले स्थानीय तहमा लैससास परीक्षण गर्ने कार्य पनि प्राथमिकताका साथ सञ्चालन गर्दै आइरहेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हालैमात्र तयार गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ ले स्थानीय तहअन्तरगत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सम्बन्धमा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिलाई स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने कार्यमा सहयोग पुर्‍याउने उद्देश्य लिएको छ । यही कार्यविधिलाई आधार मानेर तनहुँ जिल्लास्थित भिमाद नगरपालिकामा मिति २०७८ मंसिर ५ गते देखि ७ गतेसम्म नगरपालिकाका निर्वाचित प्रतिनिधि र कर्मचारीहरुको सहभागितामा लैससास परिक्षण सम्पन्न भएको छ । यस परिक्षणमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको तर्फबाट सहजकर्ताको रुपमा बविन नेपाली र गणेश शर्मा रहनुभएको थियो । चालिस जनाभन्दा बढि जनप्रतिनिधीहरु तथा कर्मचारीहरुको तीन दिनसम्मको सक्रिय सहभागिता र छलफल तथा उपलब्ध दस्तावेजहरुको अध्ययन पश्चात् यो प्रतिवेदन तयार पारिएको छ ।

## २. अध्ययनको महत्व

लैससास अध्ययनको देहायअनुसारको महत्व रहेको छः

**(क)** संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीताका आधारमा राज्य संरचनाका सबै अंगहरुमा महिला, दलित, आदिवासी जनजाती, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउन संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधताबीचको असमानता, सामाजिक बञ्चितीकरणका कारण सामाजिक समुहहरुको विकास सूचकहरुमा भएको कमजोर

अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न उपायहरु पहिचान गर्ने ।

(ख) स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैससासको विद्यमान अवस्थाको जानकारीका साथै तहगत तथा मुलुकको समग्र समस्या र चुनौतिहरुको पहिचान गर्न एवं यस क्षेत्रका योजना तथा कार्यक्रमहरुको दक्षता र प्रभावकारिताको लेखाजोखा तथा मुल्यांकन गरी नीतिगत पृष्ठपोषण लिन ।

## ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण उद्धेश्यहरु

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूलाई समाबेशी गरी लैङ्गिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तीकरण गर्दै लैजाने ।

ख) महिला र सीमान्तकृत समुहहरूलाई समावेश गरी उनीहरूको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने ।

ग) स्थानीय सरकारका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

घ) लैससास परीक्षणको नतिजाका आधारमा समस्या तथा चुनौतिहरूको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

## ४. लैससास परीक्षणले समेटेका क्षेत्रहरु

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) ले समेटेका निम्नानुसारका पाँचवटा क्षेत्र तथा २२ वटा उपक्षेत्रहरुमा केन्द्रित रही भिमाद नगरपालिकाको लैससास परीक्षण गरिएको थियो ।

(१) नीति, कानुन र योजना
- (क) नीति र कानुनमा समावेशीता/सहभागिता
- (ख) योजना तर्जुमा तथा कार्यान्वयन
- (ग) बजेट तर्जुमा तथा कार्यान्वयन

(२) संस्थागत व्यवस्था
- (क) कर्मचारी पदाधिकारी प्रतिनिधित्व
- (ख) कार्यप्रणाली समावेशी
- (ग) समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व
- (घ) वित्तव्यवस्थापन प्रणालीमा समावेशीता
- (ङ) तथ्याङ्क संकलन तथा व्यवस्थापन

(३) मानव संशाधन तथा क्षमता विकास
- (क) मानव संसाधन तथा क्षमता विकास
- (ख) अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना
- (ग) कानूनी साक्षरता
- (घ) विपद् व्यवस्थापमा समावेशीता

(४) सेवा प्रवाह
- (क) पूर्वाधार विकास

(ख) प्रजनन् स्वास्थ्य
(ग) शिक्षा कार्यक्रम
(घ) खानेपानी तथा सरसफाइ (४)
(ङ) स्वारोजगार तथा आर्जन र बजार व्यवस्थापन

(५) सुशासन र उत्तरदायित्व
(क) सुशासन
(ख) उत्तरदायित्व र जवाफदेहिता
(ग) सूचना तथा संचार
(घ) अनुगमन तथा मूल्यांकन
(ङ) समवन्वय र सम्बन्ध बिस्तार

## ५. लैससासको विधि र तरिका

यस भिमाद नगरपालिका मा २०७८ मंसीर ५ देखि ७ सम्म सञ्चालित परिक्षणमा, लैससास परीक्षण कार्यविधि, २०७७ (नमूना) ले निर्दिष्ट गरेका विधिहरुलाई प्रमुख विधिका रुपमा लिइएको थियो भने स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८ लाई सन्दर्भ सामग्रीका रुपमा प्रयोग गरिएको थियो । यी औजारमा उल्लेख भएका पाँच मुल विषयहरु र त्यसका २२ वटा साहायक क्षेत्रहरुका १०० वटा सुचकलाई वर्तमान अवस्थाको मापन गर्ने औजारका रुपमा प्रयोग गरिएको थियो । कार्यक्रमका लैससास कार्यविधिको समग्र पक्ष, परिक्षण विधि, तथा उद्देश्य र अपेक्षाहरुमा छलफल गरि उपस्थित सहभागीहरुलाई जनप्रतिनिधि, कर्मचारी, र सम्बन्धीत विज्ञता समेतलाई ध्यानमा राखी ५ वटा समुहहरु गठन गरि मुख्य शिर्षक। क्षेत्र अनुसार समुह विभाजन गरि समुहगत कार्यको जिम्मा लगाइयो । त्यसमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, प्रमुख र उप प्रमुख हरुवाट पनि प्रत्यक्ष अनुगमन, तथा पृष्ठपोषण भएको थियो । सहजकर्ता द्धयहरुले सहज रुपले सहजिकरण गरेका थिय ।

लैससास परीक्षण मापन गर्दाका समयमा प्रत्येक सूचकमा उल्लिखित कुरा सन्तोषजनक/राम्रो देखिएमा १, अझै कुनै कुरामा सुधार गर्नुपर्ने वा मध्यम खालको देखिएमा ०.५ र हुँदै नभएको देखिएमा ० अंकहरु प्रदान गरिएको थियो । पाँचवटा मूल क्षेत्र अन्तरगत २२ वटा उपशीर्षकहरुमा रहेका सूचकहरुमा प्राप्त अंकहरुलाई जोडी वार चार्ट र माकुरीजालो दुबैमा राखी सहभागीहरु समक्ष प्रस्तुत गरी समुहगत रुपमा सहभागितात्मक अन्तरक्रिया विधि बाट छलफल गरिएको थियो । उक्त तथ्याङ्कीय माकुरेजालो र बारचार्टले स्पष्ट चित्र देखाएपछि सहभागीहरुमाझ, अब हामीले आगामी दिनहरुमा निरन्तरता दिनुपर्ने, सुधार गर्नुपर्ने र व्यापक रुपमा सुधार गर्नुपर्ने कुरालाई विशेष जोड दिँदै सहभागीहरुलाई बोध गराइएको थियो । लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण गर्न सहभागितामूलक प्रकृया अवलम्बन गरिएको थियो ।
विशेषगरी यो परिक्षण कार्यमा निम्न लिखित विधिहरुको प्रयोग गरिएको थियो –

क) दस्तावेजहरुको अध्ययन (Documents review) :

- नगरपालिकाले तयार गरी कार्यान्वयनमा ल्याएका नीति, ऐन, निर्देशिकाहरु (राजपत्रबाट)
- बार्षिक प्रगति समीक्षा प्रतिवेदन
- वार्षिक विकास योजना तथा बजेट
- बस्ती तथा टोलस्तरका योजना र कार्यकमहरु छनौट गर्दा बस्ती तथा वडाको खण्डीकृत तथ्याङ्क, भौगोलिक अवस्थितिको नक्साङ्कन, विभिन्न महिला, बालबालिका, युवा, जातजाति, अपाङ्गता भएका व्यक्ति, यौनिक

अल्पसंख्यकको सहभागिताको सुनिश्चितता, भेलालाई अभिमुखीकरण गर्ने, आवश्यकताको पहिचान गर्ने गरे, नगरेको ।

- न्यायिक समितिका निर्णय र प्रकृयामा महिला, जनजाती, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यकका आवश्यकताहरुको पहिचान गरी न्यायसम्पादन गरे, नगरेको ।
- अनुगमन तथा मूल्यांकन कार्यदलको प्रतिबेदन, आदि ।

ख) लक्षित वर्गसँग छलफल (Focus Group Discussion) :

- वडाका महिला सदस्य, दलित महिला सदस्य
- वडा अध्यक्षमध्येका केहीसँग छलफल

ग) मुख्य सूचकहरुसँगको अन्तरवार्ता (प्मथ क्ष्लायचकबलतक क्ष्लतभचखष्भध) :

- नगरपालिकाका शाखागत प्रमुखहरुसँग छलफल

घ) परीक्षण कार्यशाला (Audit Workshop) :

तनहुँ जिल्ला स्थित भिमाद नगरपालिकाका निर्वाचित पदाधिकारीहरु, वडा अध्यक्ष सहित कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुखसहितका कर्मचारीहरुसँग तीन दिने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यशालाको मिति २०७८ मंसीर ०५ गतेदेखि ७ गतेसम्म आयोजना गरिएको थियो । उक्त कार्यशालाको पहिलो दिन भिमाद नगरपालिकाका प्रमुख ज्युवाट कार्यशालाको विधिवत शुभारम्भ भयो ।

कार्यक्रमको शुभारम्भ पश्चात् प्राविधीक सत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा, उद्देश्य, यसको औचित्य र परीक्षण विधिबारे सहभागीहरुलाई जानकारी गराइएको थियो । साथै लैससासमा समेटिने ५ मुख्य विषय, २२ साहायक विषयहरु त्था १०० वटा सुचकहरु र ०, ०.५ वा १ अंक प्राप्त गर्ने अवस्थाहरुका बारेमा स्पष्ट पारिएको थियो । यसका साथै ती सूचकहरुमा प्राप्त अंकहरुलाई पुष्टि गर्ने साधन ९:भबलक या ख्मचषष्अबतष्यल० केके हुन सक्छन् भनी जानकारी गराइएको थियो ।

कार्यक्रममा उपस्थित सहभागीहरुलाई पाँच समूहमा विभाजन गरिएको थियो । समूह विभाजन गर्दा निर्वाचित जनप्रतिनिधिले नेतृत्व गर्ने गरी सम्बन्धित विषयवस्तुसँग सम्बन्धित कर्मचारीहरुलाई ती समूहमा सदस्यका रुपमा राखिएको थियो । तत्पश्चात् सहजकर्ता/परामर्शदाताहरुको सहयोगमा ती समूहहरुमा पाँचवटा विषयवस्तुमा रहेका सूचकहरु अलग अलग समूहमा वितरण गरी समूह कार्य गर्न लगाइएको थियो । ती समूहहरुले व्यापक छलफल र विश्लेषण वाट सहमत भएका प्राप्तांक लाई पुष्टि गर्ने साधन मार्फत एकिन गरिकन सूचकहरु तय गरियो । र सबै समुहहरुको समुहकार्यलाई प्रस्तुतीकरण गर्दै किन ० किन ०.५ र किन १ अंक प्राप्त भयो भनी एक एक गरी छलफल गरियो । उक्त छलफलसँगै के कति कारणले सूचकहरुमा ० वा ०.५ आयो र आगामी दिनमा १ अंक आउने बनाउन अर्थात के रणनीति र कार्यनीति लिन सकिन्छ भनी घनिभुत छलफल गरिएको थियो । तत्कालै सुधारगर्नुपर्ने कुराहरु के के हुन ? कसरी र कसको जिम्मेवारीमा गर्ने भनी व्यापक छलफल गरि लैससास कार्ययोजना पनि तयार गरिएको थियो । उक्त लैससास कार्यशाला शुभारम्भ हुनुपूर्व नगरपालिकाका प्रमुख श्री मेख बहादुर थापाको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी उल्लिखित मिति र नगरपालिकाको सभाहलमा कार्यशाला सम्पन्न गर्ने निर्णय भएको थियो ।

लैससास परीक्षण सम्पन्न गर्नका लागि एक छ सदस्यीय कार्यदलसमेत गठन गरिएको थियो ।

### *लैससास परीक्षण कार्यदल*

| क.सं. | नाम थर | पद | पद/कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | शारदा खनाल | संयोजक | उप प्रमुख, भिमाद नगरपालिका | ९८५६००४००२ |
| २ | दिना कुमारी गोतामे | सदस्य | सदस्य । कार्यपालिका | ९८५६०७२५२२ |
| ३ | बुद्धिमान श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ८ | ९८५६०७२५०८ |
| ४ | भरत आचार्य | सदस्य | वडा सचीव ६,७ | ९८५६०७२५१६ |
| ५ | टेकावती ढकाल | सदस्य | शाखा अधिकृत, भिमाद नगरपालिका | ९८४६४७६४९८ |

### लैससास अभिमुखिकरण तथा परीक्षण कार्याशालाको कार्यतालिका

| दिन | समय | क्रियाकलाप |
|---|---|---|
| ०५ गते | ९:३०-१०:०० | सहभागीहरूको नाम दर्ता र उपस्थिति |
| | १०:००-१०:३० | शुभारम्भ, परिचय, अपेक्षा संङ्कलन, तालिम व्यवस्थापन, समूह विभाजन आदि |
| | १०:३०-१२:०० | लैससास परीक्षणबारे अवधारण र मुख्य उद्देश्य, लैससास परीक्षणका गर्नुको औचित्य |
| | १२:००-१३:३० | लैससास परीक्षण विधि, प्रक्रिया र सूचक माथि छलफल |
| | १३:३०-१४:०० | खाजा विश्राम |
| | १४:००-१५:३० | लैससास परीक्षणका क्षेत्रगत सूचक सम्बन्धी प्रस्तुतिकरण र छलफल |
| | १५:३०-१७:०० | सूचना संकलन र सूचना र तथ्यांकको विश्लेषण<br>लैससास परीक्षणका सबल र सुधार गर्नुपर्ने पक्षहरूबारे जानकारी |
| | १७:००-१७:१५ | संक्षेपीकरण र पृष्ठपोषण संकलन |
| ०६गते | १०:००-१०:३० | अघिल्लो दिनको पुनरावलोकन |
| | १०:३०-१२:०० | लैससास लेखाजोखाका लागि सूचक, उपसूचक र सूचीको निर्धारण |
| | १२:००-१३:३० | लैससास परीक्षणका क्षेत्रगत सूचक सम्बन्धी प्रस्तुतिकरण, समूगत अध्यास, प्रस्तुतिकरण र छलफल |
| | १३:३०-१४:०० | खाजा विश्राम |

| | | |
|---|---|---|
| | १४:००-१५:३० | स्थानीय तहको नीति, कानुन र योजनाहरूमा लैससासको अवस्था विश्लेषण<br>स्थानीय तहको संस्थागत व्यवस्थापनमा लैससासको अवस्था विश्लेषण |
| | १५:३०-१७:०० | थानीय तहको लैससास संवेदनशिल कार्य प्रणालीको विश्लेषण<br>स्थानीय तहको मानव संसाधन तथा क्षमता विकासमा लैससासको अवस्था विश्लेषण |
| | १७:००-१७:१५ | संक्षेपीकरण र पृष्ठपोषण संकलन |
| ०७ गते | १०:००-१०:३० | अघिल्लो दिनको पुनरावलोकन |
| | १०:३०-१२:०० | स्थानीय तहको क्षमता विकास योजनामा लैससास उत्तरदायी बजेट व्यवस्थापनको विश्लेषण<br>कार्यक्रम तर्जुमा गर्दा लससास समुहको सहभागिता विश्लेषण |
| | १२:००-१३:३० | विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगनम र मूल्यांकन लैससास मूलप्रवाहीकरण विश्लेषण<br>आन्तरिक संरचनामा लैससासको अवस्था विश्लेषण<br>सुशासनको अवस्था विश्लेषण |
| | १३:३०-१४:०० | खाजा विश्राम |
| | १४:००-१५:३० | स्थानीय तहमा मानव संसाधन, सम्बन्ध विस्तारमा लैससास मूलप्रवाहीकरणको अवस्था<br>नेपाल सरकारका लैससास मूलप्रवाहीकरण सम्बन्धी नीति र प्रतिवद्धताहरूको कार्यान्वयनको अवस्था विश्लेषण |
| | १५:३०-१७:०० | विश्लेषणबाट आएका नतिजा बारे जानकारी र लैससास मूलप्रवाहीकरणको लागि कार्ययोजना निर्माण |
| | १७००-१७:१५ | संक्षेपीकरण तथा समापन |

## ६. लैङ्गिक परीक्षणका सहभागीहरु

भिमाद नगरपालिकाको लैससास परीक्षण प्रकृया कार्यशाला, लक्षित समूह छलफल र मुख्य सूचकहरुसँगको अन्तर्वार्तामा निम्नानुसार जम्मा ४१ जना सहभागीहरुको उपस्थिति रहेको थियो ।

**क्र.सं. सहभागीहरु**

नगरपालिका अध्यक्ष

विभिन्न वडाका वडा अध्यक्षहरु

कार्यपालिकाका महिला सहितका वडा सदस्यहरु

विषयगत शाखाका प्रमुखहरु

नगरपालिकाका महिलासहितका अन्य कर्मचारीहरु

| सहभागीहरु | दलित | जनजाति | मधेशी | बाहुन।क्षेत्री | मुस्लिम | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| महिला | १ | ४ | ० | ६ | ० | १ | १२ |
| पुरुष | २ | १० | १ | १५ | ० | १ | २९ |
| जम्मा | ३ | १४ | १ | २१ | ० | २ | ४१ |

| लैससास परीक्षणका मूख्य तथा सहायक विषय क्षेत्रहरु | | | |
|---|---|---|---|
| **क .स.** | **क्षेत्रहरु/सहायक क्षेत्रहरु** | **मूख्य क्षेत्रको अंकभार** | **सहायक क्षेत्रको अंकभार** |
| **क** | **नीति, कानून योजना** | **२०** | |
| १ | नीति, कानूनमा समावेशीकरण योजना | | ८ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | | ८ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | | ४ |
| **ख** | **संस्थागत व्यवस्था** | **२०** | |
| १ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | | ४ |
| २ | कार्यप्रणाली समावेशी | | ४ |
| ३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | | ४ |
| ४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | | ४ |
| ५ | तथ्यांक संकलन तथा व्यवस्थापन | | ४ |
| **ग** | **मानव संसाधन तथा क्षमता विकास** | **२०** | |
| १ | मानव संसाधन तथा क्षमता विकास | | ८ |
| २ | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | | ४ |
| ३ | कानूनी साक्षरता | | ४ |
| ४ | विपद् व्यवस्थापमा समावेशीता | | ४ |
| **घ** | **सेवा प्रवाह** | **२०** | |
| १ | पूर्वाधार विकास | | ४ |
| २ | प्रजनन् स्वास्थ्य | | ४ |
| ३ | शिक्षा कार्यक्रम | | ४ |
| ४ | खानेपानी तथा सरसफाइ | | ४ |
| ५ | स्वारोजगार तथा आर्जन र बजार व्यवस्थापन | | ४ |
| **ङ** | **सुशासन र उत्तरदायित्व** | **२०** | |
| १ | सुशासन | | ४ |
| २ | उत्तरदायित्व र जवाफदेहिता | | ४ |
| ३ | सूचना तथा संचार | | ४ |
| ४ | अनुगमन तथा मूल्यांकन | | ४ |
| ५ | समवन्वय र सम्बन्ध बिस्तार | | ४ |
| **कुल जम्मा** | | **१००** | **१००** |

## ७. लैङ्गिक परीक्षणबाट आएका मूख्य प्राप्तिहरु

लैङ्गिक परीक्षणको समग्र प्रक्रियाबाट निम्नानुसारका मूख्य प्राप्तिहरु भएका छन्-

### १. नीति, कानुन र योजना

(क) स्थानीय तहको आवधिक योजना, वार्षिक योजना तथा कानुनी संगालो जस्ता दस्तावेजहरुमा पनि लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता विषयहरुलाई समावेश गरेको पाईयो । यस्ता दस्तावेजहरुमा पनि लैससास का मापनयोग्य लक्ष्यहरु समावेश गरिएको छ ।

(ख) स्थानीय तहको योजनामा महिला बालबालिका तथा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरि बनेको पाईयो । साथै स्थानीय सरकारका उपभोक्त समितिहरुमा पनि लक्षित समुहका प्रतिनिधी सहित कम्तिमा ३३% महिलाहरुको सहभागिता पनि सुनिश्चित गरिएको पाईयो । र यस सम्बन्धमा उपभोक्त समिति कार्यविधि २०७५ लाई अनुसरण गरेको पाइयो ।

(ग) योजना तर्जुमा गर्दा टोल तथा बस्ती स्तरमै गई महिला, बालबालिका, पिछडिएका समुदाय, यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदायको आवश्यकता पहिचान गरी उनीहरुका आवश्यकताका आधारमा योजना निर्माण नगरी एकमृष्ट दामासाहीमा बजेट निर्धारण गर्ने गरिएको ।

### २. संस्थागत व्यवस्था

(क) कर्मचारीहरुको पदपुर्तिको निर्णय गर्दा समावेशीकरण तथा समानुपातिक प्रतिनिधित्व हुन सक्ने रणनीति लिईएको छ । कर्मचारीको पदपुर्ति कार्यविधिले यसको तथ्यको प्रमाणीत गरेको छ ।

(ख) सकारात्मक विभेदको सन्दर्भमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई क्षमता विकास र अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदायलाइ प्राथामिकतामा राख्ने गरिएको कुरा योजना पुस्तिकामा पनि उल्लेख गरेको पाईयो ।

(ग) आदिवासी जनजाती, दलित तथा अन्य लक्षित समुहका महिलाहरुको विकास तथा सशक्तिकरणको लागि उनीहरुको आवश्यकता अनुसारको कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ ।

(घ) स्थानीय सरकारले समुदाय स्तरका आधारधुत खण्डिकृत सुचना संकलन तथा अद्यावधिक गर्ने गरेको कुरा नगर प्राश्वचित्र बाट पुष्टि भएको छ ।

(ङ) प्राश्वचित्र आधारित खण्डीकृत तथ्यांक तथा सुचनालाई आधार मानी स्थानीय विकास योजना तर्जुमा गरेको पाईयो ।

(च) स्थानीय सरकारले सामाजिक सुरक्षा प्राप्त गर्नेहरुको सुचना अभिलेख व्यवस्थापन गर्न पञ्जीकरण अधिलेख व्यवस्थापन गरेको पाइयो ।

### ३. मानव संसाधन तथा क्षमता विकास

(क) पालिकाले सञ्चालन गर्ने तालिममा विषयवस्तुको प्रस्तुतीकरणमा लैंगिक सम्बेदनशील भाषको प्रयोग र महिलाको आवश्यकता समेटिएको तथा तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको पाईयो जसलाई सम्बन्धीत शाखाको प्रतिवेदनहरुमा उल्लेख गरिएको छ ।

(ख) महिला तथा लक्षित समुहका पदाधिकारी क्षमता अभिवृद्धि का कार्यक्रमहरु तलिमहरु, नेतृत्व विकासका तालिमहरु तथा भ्रमणहरु भएको र सो अनुसारको बजेट विनियोजन गरिएको छ ।

(ग) महिला विरुद्ध हुने सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु को बजेट विनियोजन गरि कार्यक्रमहरु समयमै सम्पन्न गरेको पाईयो ।

(घ) स्थानीय तहमा सरकारले समाजमा ररहेका विभिन्न कुसंस्कार (जातिगत छुवाछुत, छाउपडी, बालविवाह, बहु विवाह, दाइजो) तथा सामाजिक कुरिति हटाउने खालको कार्यत्रमहरु सञ्चालन गरेको पनि छ ।

(ङ) स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरू र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, विषयगत कानूनहरू, पालिकाले जारी गरेका कानूनहरू र अन्य प्चलित महत्वपूर्ण कानूनहरूको बारेमा अभिमुखीकरण गरेको पनि पाईयो ।

(च) विपद व्यवस्थापन सम्बन्धी कार्य गर्दा लाभान्वित समुहका महिला तथा वञ्चितिकरणमा परेका समुदाय समेतको प्रत्यक्ष सहभागितामा निर्णय गनेको पाईयो ।

समग्रमा भिमान नगरपालिकामा मानव संशाधन तथा क्षमता विकासका क्षेत्रमा आंशिक रुपमा कामहरु भई सम्बोधन भएका र प्राय जसो कामहरुको प्रतिवेदन तथा अभिलेखीकरण गर्नु पर्ने देखिन्छ ।

**४. सेवा प्रवाह**

(क) स्थानीय तहका भवन, भौतिकपूर्वाधार तथाअन्य संरचनानिर्माणको लागि ड्रइङ, डिजाइन, लगायत अनुमान तयार गर्दा संरचनानिर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैङ्गिक, बाल र अपाङ्ग मैत्री / संबेदनशील संरचनाको प्रावधान सहति हुने गरेको छ । पछिल्लो समयमा यसलाई सार्वजनीक भौतिक पुर्वाधार तथा संरचना निर्माणमा लागु गरिन थालिएको छ ।

(ख) स्थानीय तहले महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई लक्षित गरी परंपरागत तथा आधुनिकउर्जा ( जलविद्युत, विभिन्न बैकल्पिकउर्जा स्रोतबाट प्राप्तहुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरू सञ्चालनमा ल्याउने गरेको छ ।

(ग) नगरपालिकाले परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रम लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू संचालन गरिएका छन ।

(घ) नगरपालिकामा महिला, गरिब, निमुखा र बञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेटको व्यवस्था गरि कार्यान्यवनमा ल्याएको छ ।

(ङ) नगरपालिकाले आफ्नो पालिका भित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाएको र भर्ना अभियान पनि सञ्चालन गरेको ।

(च) विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किशोरी छात्राको लागी प्याडको पनि व्यवस्था गरिएको । र साथै यौन शिक्षा तथा सहजीकरण कार्यक्रम संचालन गरेको ।

(छ) महिलाहरू बढी मात्रामा संलग्न हुने कार्यमा सफा पानीको सहज व्यवस्थाका लागि स्थानीय महिलाहरूको सक्रिय सहभागितामा आकासे पानी संकलन र भण्डारण, परम्परागत इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिङ कार्यक्रमहरु व्जेटको व्यवस्था गरि सञ्चाल गरिएको ।

(ज) स्थानीय सरकारको योजनातर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने र वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ । नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मेडेपा कार्यक्रमहरु सञ्चालनमा रहेका छन ।

**५. सुशासन तथा उत्तरदायित्व**

(क) स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका बिषयमा कार्यपालिका तथा सभाबाट नीति, कानून जारी गरी सोही कानून बमोजिम सम्बन्धित अधिकारीबाट निर्णय गरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कामकाज हुने गरेको पाईयो । यसरी हेर्दा नगरपालिकामा सुशासनको प्रयाप्त व्यवहारीक प्रयोग गरेको पाईयो ।

(ख) संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू समयैमा सम्पन्न गरेको छ । जसको लागि वार्षिक बजेट विनियोजन तथा कार्यान्वयन गरेको पाईयो ।

(ग) स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको ।

(घ) नगरपालिकाले समग्र वार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गर्ने गरेको । र महिला, बालबालिका, आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग लगायत दलित, अपांगता भएका व्यक्तिहरु र जेष्ठ नागरिकलाई लक्षित गरि कार्यक्रम तथा बजेट सरोकारवालाहरुले जानकारीमा हुने गरि सार्वजनिक गरेको ।

(ङ) स्थानीय सरकारले सञ्चालन गरेका कार्यक्रमहरुको अनुगमन, मुल्यांकन गर्दा लैंगिक समाानता तथा सामाजिक समावेशी विकास संग सम्बन्धीत कार्यक्रमहरुको सञ्चालन बाट सरोकारवालाहरुमा पुगेको असर, लाभ र प्रभावहरुको पनि विश्लेषण गर्ने गरेको पाईयो ।

(च) साथै नगरपालिकामा अनुगमन तथा मुल्यांकनबाट सिकेका पाठहरुलाई कार्यक्रम तथा योजना तयार पार्दा समावेश गरिएको छ ।

(छ) स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेका नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरेको पनि पाईयो ।

(ज) लैं स सा स विकासको लागि विभिन्न सरोकारवाला निकायहरु वीच कार्यक्रम संयन्त्र का प्रतिनिधिहरुलाई लैंससास विकास सम्बन्धी क्षमता विकासका तालिमहरु सञ्चालन गरेको पनि पाईयो ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण का ५ कार्यसमुह हरु**

| क.सं. | | नाम थर | पद | पद/कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| लैंससास कार्यसमुह १ : नीति, कानुन, योजना | १ | इमान बहादुर थापा | | वडा अध्यक्ष, वडा नं. ०९ | ९८५६०७२५०९ |
| | २ | नरायणी गैह्रे लामिछाने | सदस्य | कार्यपालिका, भि न पा | ९८५६०७२५२० |
| | ३ | कृष्ण प्रसाद सुवेदी | सदस्य | वडा सदस्य, वडा नं. ०७ | ९८४६८३५०५६ |
| | ४ | गोपाल कृष्ण सुवेदी | वडासचिव | वडा सचिव, वडा नं. १र२ | ९८५६०७२५१२ |
| | ५ | विष्णु प्रकाश श्रेष्ठ | नयव सुब्बा | भिमाद नगरपालिका वडा | ९८४१६३३१७१ |
| | ६ | टेकावती ढकाल | शाखा अधिकृत, | भिमाद नगरपालिका | ९८४६४७६४९ ८ |
| लैंससास कार्यसमुह २ : संस्थागत व्यवस्था | १ | भवानी शंकर लम्साल | संयोजक | वडा अध्यक्ष, वडा नं. २ | ९८५६०७२५०२ |
| | २ | पदम ब. थापा | वडा अध्यक्ष | वडा अध्यक्ष, वडा नं. ५ | ९८५६०७२५०५ |
| | ३ | दुर्गा कुमारी सुवेदी | प्राविधीक | कृषि शाखा, भि न पा | ९८४७६३३११२ |
| | ४ | सम्भ्कना कुमाल | सदस्य | कार्यपालिका, भि न पा | ९८५६०७२४९ ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५ | अनुप पौडेल | रोजगार संयोजक | भिमाद नगरपालिका | ९८५६०७४४९५ |
| | ६ | नर बहादुर सुनार | सदस्य | कार्यपालिका, भि न पा | ९८५६०७२४९९ |
| लैंससास कार्यसमूह ३ : मानव संशाधन तथा क्षमता विकास | १ | भुपेन्द्र राज मल्ल | संयोजक | अध्यक्ष, वडा नं. ३, | ९८५६०७२५०३ |
| | २ | वुद्धिमान श्रेष्ठ | वडा अध्यक्ष | अध्यक्ष, वडा नं. ८ | ९८५६०७२५०८ |
| | ३ | मनुराज बराल | जनस्वास्थ्य अधिकृत | भिमाद नगरपालिका | ९८५६०७२५३५ |
| | ४ | भवना ढकाल | वडा सचिव | वडा नं. ८, | ९८५६०७२५१८ |
| | ५ | तुल बहादुर थापा | प्राविधीक | भिमाद नगरपालिका, पशु शाखा | ९८४६४५५९७६ |
| लैंससास कार्यसमूह ४ : सेवा प्रवाह | १ | सोमनाथ शर्मा | संयोजक | अध्यक्ष, वडा नं. १, भि न पा | ९८५६०७२५०१ |
| | २ | डम्बर बहादुर राना | वडा अध्यक्ष | अध्यक्ष, वडा नं. ४, भि न पा | ९८५६०७२५०४ |
| | ३ | मुक्ति राम पौडेल | प्राविधिक | भिमाद नगरपालिका | ९८५७६२१५४१ |
| | ४ | विना श्रेष्ठ | स म वि नि | भिमाद नगरपालिका | ९८६०४४७३२४ |
| | ५ | केशवराज वाग्ले | स्रोत व्यक्ति | भिमाद नगरपालिका | ९८५६०६३५५० |
| लैंससास कार्यसमूह ५ : सुशासन तथा उत्तरदायित्व | १ | श्याम सुन्दर जोशी | संयोजक | वडा अध्यक्ष, वडा नं. ५ | ९८५६०७२५०६ |
| | २ | भरत आचार्य | सदस्य | वडा सचीव ६,७ | ९८५६०७२५१६ |
| | ३ | डिना गोतामे | सदस्य | सदस्य । कार्यपालिका | ९८५६०७२५२२ |
| | ४ | केश कुमारी थापा | सदस्य | सदस्य । कार्यपालिका | ९८५६०७२५२१ |
| | ५ | रमेश गैह्रे | वडा सचिव | वडा सचीव, वडा नं. ५ | ९८५६०७२५१५ |
| | ६ | भेष बहादुर जिटी | सहायक पाचौ | भिमाद नगरपालिका | ९८५६०७२४९३ |

## ८. लैलसास परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण औजारमा बजेट परीक्षण सम्बन्धि दुईवटा उपशीर्षकमा व्यवस्था गरेको छ । नीति, कानुन र योजना अन्तर्गत बजेट तर्जुमा तथा कार्यान्वयन र संस्थागत व्यवस्था अन्तर्गत वित्तव्यवस्थापन प्रणालीमा समावेशीता । यी दुईवटा विषयबस्तुले प्राप्त गरेको अङ्कभार देहायबमोजिम रहेको छ ।

| सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| **बजेट तर्जुमा तथा कार्यान्वयन** | **४** | **१.५** |
| बजेट तथा कार्यक्रम तर्जुमा | १ | १ |
| समावेशी बजेट निर्माण | १ | ० |
| प्राप्त बजेट र कार्यक्रम | १ | ० |
| लक्षित समुहका लागि बजेट | १ | ०.५ |
| **वित्त व्यवस्थापन प्रणालीमा समावेशीता** | **४** | **१.५** |
| ऐनमा उल्लेख गरी छुट्टै कोषको स्थापना | १ | ० |
| लक्षित समुहको आवश्यकता अनुसारका कार्यक्रम | १ | १ |
| लैङ्गिक विकास कोषको बजेट | १ | ० |
| समावेशी सूचनाप्रणालीको बजेट | १ | ०.५ |
| **जम्मा** | **८** | **३.०** |

**८.१. परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अङ्क**

**भिमाद नगरपालिका, तनहुँको लैससास परीक्षणमा प्राप्त गरेको अंक**

| क .स. | क्षेत्रहरु/सहायक क्षेत्रहरु | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| **क** | **नीति, कानून योजना** | **२०** | **१२** |
| १ | नीति, कानूनमा समावेशीकरण योजना | ८ | ५ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ५.५ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | १.५ |
| **ख** | **संस्थागत व्यवस्था** | **२०** | **११** |
| १ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | २.५ |
| २ | कार्यप्रणाली समावेशी | ४ | १ |
| ३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | २ |
| ४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | १.५ |
| ५ | तथ्यांक संकलन तथा व्यवस्थापन | ४ | ४ |
| **ग** | **मानव संसाधन तथा क्षमता विकास** | **२०** | **११.५** |
| १ | मानव संसाधन तथा क्षमता विकास | ८ | ४ |
| २ | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | २.५ |
| ३ | कानूनी साक्षरता | ४ | २.५ |
| ४ | विपद् व्यवस्थापमा समावेशीता | ४ | २.५ |
| **घ** | **सेवा प्रवाह** | **२०** | **१४.५** |
| १ | पूर्वाधार विकास | ४ | ३ |
| २ | प्रजनन् स्वास्थ्य | ४ | २.५ |

| | | | |
|---|---|---|---|
| ३ | शिक्षा कार्यक्रम | ४ | ३.५ |
| ४ | खानेपानी तथा सरसफाइ | ४ | ३.५ |
| ५ | स्वारोजगार तथा आर्जन र बजार व्यवस्थापन | ४ | २ |
| **ङ** | **सुशासन र उत्तरदायित्व** | **२०** | **१४.५** |
| १ | सुशासन | ४ | ३ |
| २ | उत्तरदायित्व र जवाफदेहिता | ४ | २.५ |
| ३ | सूचना तथा संचार | ४ | २.५ |
| ४ | अनुगमन तथा मूल्यांकन | ४ | ३.५ |
| ५ | समवन्वय र सम्बन्ध बिस्तार | ४ | ३ |
| **कुल जम्मा** | | **१००** | **६३.५** |

उपरोक्त तालिकामा उल्लेखित अवस्था विश्लेषण अनुसार भिमाद नगरपालिकामा समग्रमा सेवा प्रवाह तथा सुशासन तथा उत्तरदायित्व मुख्य क्षेत्रहरु तुलनात्मक रुपमा सन्तोषजनक देखिन्छ । सेवा प्रवाह अन्तरगत पनि तुलनात्मक रुपमा प्रजनन् स्वास्थ्य र स्वारोजगार तथा आय आर्जन साहायक क्षेत्रहरु कमजोर रहेका र ४०% देखि ५०% मात्रै प्राप्तांक देखिन्छ भने सुशासन अन्तरगत उत्तरदायीत्व, सुचना संचार जस्ता साहायक क्षेत्रहरु तुलनात्मक रुपमा कमजोर देखिन्छ । आगामी दिनहरुमा लैंससास का दृष्टिले यी क्षेत्रहरुमा नीतिगत तथा रणनैतिक योजना वनाएर कार्यान्वियनमा जानुपर्ने देखिन्छ भने अन्य साहायक क्षेत्रहरुका सुचकहरु भने केहि सन्तोसजनक देखिएको छ । एवंरितले मुल क्षेत्रमा संस्थागत विकास अन्य विषयहरु भन्दा कमजोर देखिन्छ । जसमा कार्यप्रणली अति कमजोर देखिन्छ । साथै वित्त व्यवस्थापन प्रणालीमा समावेशीता तथा समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व जस्ता साहायक क्षेत्रहरु पनि निकै सुधार गर्नु पर्ने अवस्थामा छन । त्यसै गरि मानव संशाधन तथा क्षमता विकासका क्षेत्रमा पनि सोच्नु पर्ने देखिन्छ । बजेट तर्जुमा तथा कार्यान्वयनको साहायक क्षेत्रमा सुधार गर्नु पर्ने पक्ष भएता पनि तुलनात्मक रुपमा नीतिगत, कानुन र योजना मुख्य विषयमा चाहिँ नगरपालिका तुलनात्मक रुपमा सबल र सन्तोषजनक अवस्थामा रहेको छ ।

समग्रमा भिमाद नगर पालिकाले ६३.५% अंक प्राप्त गरेको छ । यस नगरपालिकाको लैंससास को अवस्था विश्लेषण गरि आगामि दिनमा नगरपालिकाले समग्र लैससास को अवस्थामा उल्लेख्य सुधार गर्नको लागि समुहगत रुपमा कार्ययोजना पनि पेश गरिएको छ । उक्त कार्य योजना लाई नगरपालिकाको वैठकले पारित गरि कार्यान्वियनको लागि पहल गर्नु पर्ने छ ।

## ८.२. लैङ्गिक परीक्षण नतिजाको माकुरीजालो




## स्तम्भ चित्रमा अवस्था विश्लेषण



चित्रमा जम्मा ५ वटा मुख्य क्षेत्रहरु मध्ये लैंससास परिक्षणको नतिजा अनुरुप सेवा प्रवाह, सुशासन र उत्तरदायीत्व हरु केहि राम्रो देखिएता पनि समग्रमा हेदा नीति, कानुन र योजन, तथा संस्थागत व्यवस्था, मानव संशाधन तथा क्षमता विकास जस्ता मुख्य क्षेत्रहरु तुलनात्मक रुपमा कमजोर रहेकोले नगरपालिकाले रणनीतिक रुपमै आगामी दिनहरुमा योजनावद्ध रुपमा कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ ।

**साहायक क्षेत्रहरुको अवस्था विश्लेषण माकुरेजालो चित्रमा**



साहायक क्षेत्रहको अवस्था लाई विश्लेषण गर्दा तथ्यांक संकलन तथा मानव संशाधन तथा क्षमता विकास हरु उल्लेख्य राम्रो देखिन्छ भने जम्मा २२ वटा साहायक क्षेत्रहरु मध्ये १० भन्दा बढी सहायक क्षेत्रहरुलाई तुरुन्तै सम्बोधन गरि कार्ययोजना सहित अघि बढ्नु पर्ने हुन्छ ।




प्रस्तुत तथ्याङ्कलाई दृष्टिगत गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका हिसाबले अझै धेरै सुधार गर्नपर्ने छ । यद्यपि शत प्रतिशत प्रगति हासिल गर्न अझ प्रयासहरु गर्नुपर्ने देखिन्छ । यसको नतिजा अपेक्षित रुपमा कम देखिनुमा पनि मुख्यतया लैङ्गिकताका विषयमा तालिमप्राप्त जनशक्तिको अभाव, लैङ्गिकताभन्दा पनि स्थानीय सरकारको प्रथमिकता संरचना तथा भौतिक निर्माणमा पर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताका सम्बन्धमा स्थानीय सरकारका प्रतिनिधि तथा कर्मचारीहरु जानकार नहुनु पनि मुख्य जिम्मेवार देखिन्छ । साथै नगरपालिकाले प्राविधिक रुपमै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI Audit) लाई व्याहारमा ल्याएको तथा सञ्चालन गरेको पाईदैन ।

## ९. भिमाद नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा सबल तथा सुधार गर्नुपर्ने पक्षहरु

| क.सं. | सबल पक्षहरु (Strenths) | सुधार गर्नुपर्ने पक्षहरु (Weakness) | अवसरहरु (Opportunities) | चुनौतिहरु (Threats) |
|---|---|---|---|---|
| क. | **नीति, कानुन, योजना** | | | |
| | • नगरपालिकाको आफ्नो आवधिक योजना तयार रहेको र यस अनुसार आधारित रहेर वार्षिक योजना पनि बनाएको ।<br>• यसका लागि आवश्यक मुख्य मुख्य समितिहरुको गठन पनि भएको र लैससास कार्यदलको गठन पनि भैसकेको छ ।<br>• नगरपालिकामा विभिन्न क्षेत्रगत कानुनहरुको निमार्ण भएको र यसले नीतिगत रुपमा लैससास लाई सम्बोधन गर्ने वातावरण रहेको ।<br>• योजना तर्जुमा दिग्दर्शन निर्माण भएर नगर पालिका स्तरमा कार्यान्वयन भैरहेकोले पनि भावी दिनहरुमा लैससास को योजना तथा कार्यान्वयनमा सहयोग पुग्ने छ ।<br>• नगरपालिकाले वार्षिक समिक्षा प्रतिवेदन तयार गरि नगरपालिकाको समग्र लक्ष्य, प्रगति र कार्यान्वयनको दस्तावेजीकरण गर्ने गरिएको ।<br>• लैंगिक दृष्टिकोणले महिला पुरुष तथा आप्रवासी र स्थानीय विच समान | • नगरपालिकाले तत्काल लैंगिक नीति निर्माण निर्माण गरि पारित गरि कार्यान्वयन गर्नु पर्छ ।<br>• लैंगिक समानता तथा सामाजिक समावेशीकरण अनुसारको कार्यविधि तयार गर्नु पर्ने ।<br>• लैंगिक दृष्टिकोणले महिला पुरुष तथा आप्रवासी र स्थानीय विच समान कामको लागि समान ज्यालादर हुने गरि श्रम नीति निर्माण गर्नुपर्ने कार्यान्वयन गर्ने ।<br>• नगरपालिकामा लैंससास तथा लैंगिक हिंसा न्युनीकरण, लैंगिक सशक्तिकरण लगायतका विषयमा क्षमता अभिवृद्धि गराउने ।<br>• महिला र पुरुपहरुको छुट्टाछुट्टै अवस्था विश्लेषण गरि योजना तर्जुमा ।<br>• नगरपालिकाले योजना तर्जुमा संगसंगै लैससासको लागि निश्चित बजेट विनियोजन गर्ने र कार्यान्वयन गर्ने ।<br>• नगरपालिकामा सञ्चालित लैससास सम्बन्धी कार्यक्रमहरुको नियमित | • नगरपालिकामा विभिन्न जातजाती, समुदाय बिच सामाजिक र साँस्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने अवसर छ ।<br>• सामाजिक सचेतनामा निरन्तरता<br>• लैससास लागु गर्न स्थानीय सरकारले नीति, नियम कानुन निर्माण गर्न सकिने अवसर छ ।<br>• लैससास कार्यान्वयनका लागि पालिका ले आवश्यक वजेट विनियोजन गर्ने ।<br>• सामाजिक अभियन्ताको उपस्थिती | • अर्थपुर्ण सहभागितामा लक्षित वर्गको आवश्यकता पहिचान<br>• निति तथा कानुनको प्रभावकारी कार्यान्वयन<br>• अनेकतामा एकता कायम गर्न<br>• विभेद रहित समाज निर्माण गर्नु<br>• मागमा आधारीत कार्यक्रमहरु । |

| | | | | |
|---|---|---|---|---|
| | कामको लागि समान ज्यालादर हुने गरि नगरपालिकाको दररेट निर्धारण भएको छ ।<br>● हरेका निकाय तथा समितिहरुमा महिला सहभागिताको सुनिश्चितता तथा कार्यान्वयन (३३%) भएको छ ।<br>● नगरपालिकामा विभिन्न विषयगत शाखाको व्यवस्था भैसकेको सन्दर्भमा लैससास शाखा पनि स्थापना गर्न नीतिगत आधार भएको ।<br>● | अनुगमन मुल्यांकन र समिक्षा गर्नु पर्ने ।<br>● जनचेतना अभिवृद्धि गर्नुपर्ने ।<br>● लससास निर्देशिका तयार पार्दा व्यापक रुपमा लक्षित वर्गको सहभागिता गराउनु पर्ने ।<br>● लैङ्गिक हिंसा निवारण कोषलाई अझ प्रभावकारी बनाउनुपर्ने ।<br>● समान कामका लागि समान ज्याला सम्बन्धि नीति बनाई अनौपचारिक क्षेत्रमा पनि श्रमको ज्यालामा समानता ल्याउनुपर्ने ।<br>● लक्ष्य निर्धारित आवधिक योजना बनाई वार्षिक योजना तयार गर्दा लैससासलाई मूलप्रवाहीकरण गर्नुपर्ने । | | |
| **ख.** | **संस्थागत व्यवस्था** | | | |
| | ● नगरपालिकाले संस्थागत व्यवस्थाको लागि नीतिहरु निर्माण पनि गरेको छ ।<br>● लैंससास लाई आत्मसाथ गरेको छ र यसका लागि संस्थामा लैंगिक फोकल पर्सन तोकी वार्षिक बजेट तथा कार्यक्रम को व्यवस्था गरि सञ्चालन पनि गरेको छ ।<br>● यसका अतिरिक्त लैंससास सम्बन्धी तथ्यांक संकलन, विश्लेष्ण तथा अभिलेखिकरण पनि गरेको छ । | ● दक्ष जनशक्ति को व्यवस्थापन गरि नीति नियम बनाउनु पर्ने ।<br>● लैंगिक विकास डेस्क स्थापना र सबै क्षेत्रको सहभागिता तथा समावेशीताको लागि संयन्त्र तयार गरि सहभागिता बढाउनु पर्छ । | ● नगरपालिकामा पहिचान भएका सबल पक्षहरुलाई कार्यान्वयनमा ल्याउने अवसर रहेको ।<br>● नगरपालिकामा लैंससासको विकास र समावेशीकरणको लागि वञ्चितीकरणमा परेको समुदायको प्रतिनिधित्व र सहभागिताको संभावना रहेको । | ● वञ्चितीकरणमा परेका समुदाय र व्यक्तिहरुको स्वयं ढंगले विकासको मुलप्रवाहमा सहभागि नहुनु ।<br>● नीति नियमहरुको व्यवस्था भएतापनि कार्यान्वयनमा सफल रुपले हुन नसक्नु ।<br>● बजेट तथा श्रोत प्रत्यक्ष रुपमा विनियोजन नहुनु । |

| | | | | |
|---|---|---|---|---|
| | • स्थानीय तहले जनप्रतिनिधि तथा कर्मचारीहरुलाई समावेशी बनाउन कम्तीमा ३३% अनिवार्य प्रतिनिधित्व गर्नुपर्ने नीति लाइ पालना गरेको छ । | | | |
| **ग.** | **मानव संसाधन तथा क्षमता विकास** | | | |
| | • क्षमता विकास सम्बन्धि कार्यक्रममा यथेष्ठ बजेट विनियोजन भएको ।<br>• जनप्रनिनिधीहरु तथा कर्मचारीहरुलाई नेतृत्व विकास सम्बन्धि तालिम प्राप्त भएको ।<br>• हिंसामा परेका लक्षित वर्गलाई राहत एवं सहायता सामग्री वितरण गर्ने गरिएको ।<br>• बाल क्लब तथा बाल सञ्जाल मार्फत छुवाछुत, वाल विवाह, बहुविवाह, चेलिबेटी वेचबिखन एवं दाईजो प्रथा लगायत कुरीति विरुद्ध जनचेतना हुने गरेको ।<br>• कानुनी साक्षरता तालिम सञ्चालन भएको ।<br>• स्थानीय विपद व्यवस्थापन सम्बन्धि मापदण्ड तयार भएको । | • मानव संसाधन विकास शाखाको व्यवस्था हुनुपर्ने ।<br>• लोक सेवा आयोगको तयारी कक्षा सञ्चालन हुनुपर्ने ।<br>• बेईजिङ घोषणापत्रका प्रतिबद्धताबारे जानकार हुनुपर्ने ।<br>• लैङ्गिक हिंसारहित नगर/वडा घोषणाहुनुपर्ने ।<br>• कानुनको मस्यौदा तर्जुमा प्रक्रिया सम्बन्धि अभिमुखिकरण हुनुपर्ने ।<br>• समुदायस्तरमा महिला लक्षित कानुनी साक्षरता सञ्चालन हुनुपर्ने ।<br>• | • नगरपालिका लगायत विषयगत कार्यलयहरुको एकमुष्ठ रुपमा बजेट विनियोजन तथा परिचालन गर्ने अवस्था रहेको ।<br>• जनप्रतिनिधीहरुको कार्यक्रमप्रति सकारात्मक भावना र कर्मचारीहरुको सक्रिय सहभागिता रहेको ।<br>• निर्धारित कार्यक्रमहरु लक्षित वर्गसम्म लैजान सकिने सामर्थ्यता ।<br>• विपद प्रभावित वर्गको खण्डिकृत तथ्यांक संकलन गर्न सकिने अवस्था ।<br>• | • कार्यक्रम सञ्चालन तथा नीतिनिर्माणका लागि दक्ष जनशक्तीको कमि रहेको ।<br>• लक्षित वर्गको न्युन चासो एवं निश्क्रियता रहेको ।<br>• जातीय छुवाछुत, वाल विवाह, बहुविवाह, लैङ्गिक हिंसा जस्ता सामाजिक कुरितीहरु रोक्ने चुनौति ।<br>• |
| **घ.** | **सेवा प्रवाहा** | | | |
| | • सार्वजनिक भवनहरु अपांगमैत्री / लैङ्गिकमैत्री रहेका ।<br>• अनिवार्य आधारभूत शिक्षा, यौन तथा प्रजनन शिक्षा प्रदान गरिरहेको अवस्था ।<br>• खानेपानी, रिजार्ज पोखरी जस्ता सार्वजनिक हितको निमित्त प्रयोग हुने संरचनाहरुको निर्माण भएको । | • ब्यक्तिगत घर भवनहरु पनि सोहि अनुसार (अपांगमैत्री/ लैङ्गिकमैत्री) बनाउनु पर्ने ।<br>• ब्यहारिक अभ्यास अनुरुपको नीति निर्माण गर्नु पर्ने ।<br>• फोहरमैला ब्यवस्थापन गर्नुपर्ने । | • सामाजिक समावेशीकरण तथा लैङ्गिकमैत्री संरचना निर्माण भएको ।<br>• संभ्रान्त समाजको निर्माण गर्नको लागि  शैक्षिक जनशक्तीमा बृद्धि भएको, वालविवाह घटदो क्रममा रहेको । | • लैससास सम्वन्धि ब्यवहारिक अभ्यास कम भएको ।<br>• नीजि श्रोत, शिक्षक परिक्षा, वालविवाह जस्ता चुनौतिहरु । |

| | | | | |
|---|---|---|---|---|
| | • रोजगार कार्यक्रम सञ्चालन भैरहेको । | • बेरोजगारहरुको लागि उर्पयूक्त भत्ताको व्यवस्था गर्नुपर्ने । | • स्वच्छ वातावरण, सरसफाई र गुणस्तरीय खानेपानीको व्यवस्था हुने क्रममा रहेको ।<br>• रोजगारयूक्त समाजको निर्माण हुने क्रममा रहेको। | • ल्याण्डफिल /कुहिने नकुहिने छुट्याउने चुनौति ।<br>• व्यवशायिकताको कमि |
| ङ. | सुशासन तथा उत्तरदायित्व | | | |
| | • भिमाद नगरपालिकाले सेवा प्रवाह र विकास निर्माण सम्बन्धी नीति निर्माण गरि कार्यान्वयन गदै आईरहेको ।<br>• नगरपालिकाले जनसहभागितामुलक कार्यक्रम सञ्चालन गदै आईरहेको ।<br>• स्थानीय सरकारको हरेक क्रियाकलापमा महिला सहभागितालाई जोड दिईएको<br>• महिला र लैङ्गिक हिंसा विरुद्ध क्षतिपुर्ति सहितको न्यायिक सुनुवाई हुँदै आएको ।<br>• हरेक आ.व. मा वार्षिक समिक्षा प्रतिवेदन उपर छलफल हुने गरेको<br>• नागरिक वडापत्रको आधारमा सेवा प्रवाहा हुँदै आईरहेको ।<br>• | • सुशासन ऐन २०६४ बमोजिम समय समयमा सार्वजनिक सुनुवाई गर्नुपर्ने ।<br>• वडा कार्यालयबाट प्रदान गर्ने सेवासुविधाहरु तथा लिईने रणनीतिहरुको वारेमा सर्वसाधारणहरुलाई सुचना प्रवाह गर्नुपर्ने ।<br>• सेवा प्रवाहालाई प्रविधीमैत्री बनाउनु पर्ने ।<br>• हरेक शाखा, कार्यलय र वडा कार्यलयमा उजुरी पेटिकाको व्यवस्था गरि नागरिकका गुनासा तथा उजुरीलाई सम्वोधन तथा समाधान गर्ने व्यवस्था गरिनु पर्ने ।<br>• स्थानिय भाषामा पनि शिक्षणको व्यवस्था गरिनु पर्ने ।<br>• सहज रुपमा सुचना प्रवाहाको लागि जनतालाई सुसुचित गरिनुपर्ने । | • स्थानीय जननिर्वाचित सरकार भएको ।<br>• युवा वर्गको बढ्दो चासो ।<br>• बिभिन्न सामाजिक अभियन्ताहरुको उपस्थिती, साथ र सहयोग रहेको ।<br>• बहुल समाजमा सामाजिक एकता कायम रहेको अवस्था ।<br>• राजनीतिक, आर्थिक र सामाजिक शिक्षामा राज्यको जोड रहेको ।<br>• लैङ्गिक भेदभाव विरुद्ध क्षतिपुर्ति सहितको न्यायिक सुनुवाईको व्यवस्था रहेको । | • बहुल समाजमा एकता कायम गर्ने वा नखल्बल्याउने चुनौति ।<br>• ग्रामिण तथा विकट क्षेत्रमा शिक्षाको अवसर बढाई शिक्षित जनशक्ती तयार गर्नु ।<br>• सामाजिक सुरक्षालाई पुर्ण बनाउनको लागि बजेटको व्यवस्था गर्नु ।<br>• कर्मचारी, जनप्रतिनिधी र सरोकारवालाविच सकारात्मक समन्वय गर्नु ।<br>• बिभिन्न सामाजिक विभेदको पुर्णरुपमा अन्त्य गर्नु । |

# १०. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

**भिमाद नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल**
**भिमाद नगरपालिकाको लैङ्गिक तथा सामाजिक समावेशी बिकास कार्ययोजना २०७७/०७८**

| मूल शीर्षक नं. | | अवस्था सुधारका लागि आवश्यक कियाकलाप | कियाकलाप संचालन गर्ने जिम्मेवारी | | | समायावधि | थप दायित्व पर्ने/नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| १. नीति,कानुन योजना | | | | | | | | |
| १ | ०.५ | १.१.१ स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्दा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण गर्ने । | लैससास कार्यदल | कार्यपालिका | नगरपालिका | २०७८ चैत्र मसान्तसम्म | | नपर्ने |
| १ | ०.५ | १.१.२ स्थानीय सरकारले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७८ चैत्र मसान्तसम्म | | नपर्ने |
| १ | ०.५ | १.१.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका परिमार्जन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७९ असार मसान्तसम्म | पर्ने | |
| १ | ०.५ | १.१.५ स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेको समुदाय अर्थात् लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू रोक्न पर्याप्त प्रावधान व्यवस्था गर्ने | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७९ असार मसान्तसम्म | | नपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०.५ | १.१.७ स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान राख्ने | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७९ असार मसान्त सम्म | | नपर्ने |
| १ | ०.५ | १.२.२. नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिमा परेका समुदायका लागि निश्चित प्रतिशत बजेट निर्धारण गर्ने गरी बार्षिक बजेट तथा योजना निर्माण गर्ने । | लैससास कार्यदल | कार्यपालिका | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | आ.व. २०७९/०८० | | नपर्ने |
| १ | ०.५ | १.२.३ नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका, तथा बञ्चितीकरणमा परेको समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७८ चैत्र मसान्त सम्म | | नपर्ने |
| १ | ०.५ | १.२.४ योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समूहहरूको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७९ असार मसान्त सम्म | | नपर्ने |
| १ | ०.५ | १.२.५ टोल तथा बस्ती स्तरका योजना तयार पार्नुपूर्व महिला, बालबालिका, पिछडिएका समुदाय, यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय सँग बसी उनीहरुका आवश्यकता पहिचान गरी योजना निर्माण गर्ने । | लैससास कार्यदल | नगरसभा | कार्यपालिका र वडा समिति | योजना तर्जुमाको तेस्रो चरण | | नपर्ने |
| १ | ०.५ | १.२.६ दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीकरण गरी सो अनुसारको बजेट विनियोजन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७९/०८० | | नपर्ने |
| २ | ० | १.३.२ र ३ स्थानीय सरकारका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण गर्ने तथा परीक्षण र सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७९/०८० | पर्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०.५ | १.३.४ स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितका कार्यक्रममा समयमा खर्च गर्ने | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७८ चैत्र मसान्तसम्म | पर्ने | |
| **२. संस्थागत व्यवस्था** | | | | | | | | |
| १ | ० | २.१.३ स्थानीय सरकारले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन-सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली खटाउने वा शाखा मार्फत दिने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७८ पुस | | नपर्ने |
| १ | ०.५ | २.१.१ स्थानीय सरकारको निर्णायक तहमा (कर्मचारी । पदाधिकारी) महिलाहरूको समान रूपमा (५०।५० प्रतिशत) प्रतिनिधित्व सुनिश्चित गर्ने | लैससास कार्यदल | कार्यपालिका | नगरपालिका | आ व २०७९।०८० | पर्ने | |
| १ | ०.५ | २.२.१ महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको कार्यनीतिलाई थप परिमार्जन गर्ने | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७९ असार मसान्त सम्म | | नपर्ने |
| १ | ०.५ | २.२.२ लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था गर्ने गरि लैससास फोकल पर्सन तोक्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७८ पुस | | नपर्ने |
| १ | ० | २.२.३ नगरपालिका तथा कार्यक्षेत्रमा हुने लैङ्गिक हिंसा, यौनजन्य हिंसा रोकथाम तथा नियन्त्रणकालागि आचारसंहिता बनाएर लागु गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७९ असार मसान्त सम्म | | नपर्ने |
| १ | ० | २.२.४ योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता गर्ने र यस समितिले वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | निरन्तर | | पर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०५. | २.३.१ स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | निरन्तर | | नपर्ने |
| १ | ०५. | २.३.३ स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हित हुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | निरन्तर | | नपर्ने |
| १ | ०.५ | २.३.४ स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हित हुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरूको कार्यान्वयन गर्ने | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | निरन्तर | | नपर्ने |
| १ | ० | २.४.१ स्थानीय तहमा महिला विकास, लैङ्गिक हिँसा बिरुद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७९ असार मसान्त सम्म | | पर्ने |
| १ | ० | २.४.३ स्थानीय सरकारमा लैङ्गिक डेस्कको व्यवस्था गरि, आवश्यक मानवीय श्रोतहरूका लागि बजेटको व्यवस्था गर्ने सो अनुसार कार्यक्रम पहिचान गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७९ असार मसान्त सम्म | | पर्ने |
| १ | ०.५ | २.४.४ स्थानीय सरकारले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गर्ने कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धि सूचना दिने व्यवस्था गर्ने | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७८/०७९ | | पर्ने |
| **३. मानव शंसाधन तथा क्षमता विकास** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ० | ३.१.७ महिला तथा बञ्चितिकरणमा परेका समुदाय वा व्यक्ति, अपाङ्गता भएका व्यक्ति, सहिद वा बेपत्ता परिवारका सहस्यहरुलाई लक्षित गरी लोकसेवा आयोग तयारी कक्षा संचालन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७९/०८० | पर्ने | |
| १ | ० | ३.१.८ निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि बेइजिङ्ग घोषणापत्र, दीगो विकास लक्ष्य र CEDAW, सम्बन्धि तीन दिने तालिम संचालन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७९/०८० | पर्ने | |
| १ | ० | ३.२.२ नगरपालिकालाई लैङ्गिक हिंसामुक्त नगरपालिका घोषणा गर्न लक्ष्य निधारण गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७९/०८० | | नपर्ने |
| १ | ०.५ | ३.१.२ मा स्थानीय सरकारका पदाधिकारी । कर्मचारीहरुलाइ लैससास, विकास, लैंगिक हिंसा सम्बन्धी तालिम सञ्चालन गर्ने, तालिममा लक्षित समुह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चित गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७९/०८० | | नपर्ने |
| १ | ०.५ | ३.१५ साथै लैससस सम्बन्धी तालिम दिन तथा सञ्चालन गर्न सक्ने मानवीय श्रोतको व्यवस्था गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा । मानव शंसाधन शाखा । | आ.व. २०७९/०८० | पर्ने | |
| १ | ०.५ | ३.१.६ नगरपालिकामा मानव संशाधन विकास केन्द्र, शाखा वा ईकाइको व्यवस्था गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा । मानव शंसाधन शाखा । | २०७८ चैत्र | पर्ने | |
| १ | ०.५ | ३.२.३ स्थानीय सरकारले महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू संचालन गर्ने । कार्यक्रम संख्या र उपस्थिति तथा निर्णय पुस्तिका राख्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा । | आ.व. २०७९/०८० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०.५ | ३.३.२. स्थानीय तहका कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगाएत सबै शाखा प्रमुखलाइ कानूनको मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्नु पर्ने मूल समस्यातथा सवाल लगायत मुख्य विषयवस्तुका सम्बन्धमा समय समयमा अभिमुखीकरण गर्ने | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास, योजना शाखा । | आ.व. २०७९/०८० | | नपर्ने |
| १ | ०.५ | ३.३.३ महिलाका लागि कानुनी शिक्षा सम्बन्धि तालिमहरु संचालन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७८/०७९ | पर्ने | |
| १ | ०.५ | ३.३.४. महिलाहरूको लागि संचालित कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालनबाट उनीहरूलाई लाभान्वित गराउने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७८/०७९ | पर्ने | |
| १ | ०.५ | ३.४.१. स्थानीय सरकारले विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदायसँग परामर्स गर्ने । साथै सिमान्तकृत वर्ग समुदायलाई लक्षित गरि राहत, महिला विशेष राहत | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७८/०७९ | पर्ने | |
| १ | ०.५ | ३.४.२ स्थानीय तहको विपद सम्बन्धीतथ्याङ्क संकलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७९/०८० | | नपर्ने |
| १ | ०.५ | ३.४.४ विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चलन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा निर्णय गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | २०७९ असार मसान्त सम्म | | नपर्ने |
| **४. सेवा प्रवाह** | | | | | | | | |
| | | ४.१.३ स्थानीय तहले १५०० वर्गफिट भन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्वन्धीनक्सा स्वीकृत गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा | लैससास कार्यदल | कार्यपालिका | योजना शाखा | २०७९ असार मसान्त सम्म | | नपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बालमैत्री युक्त दृष्टिकोणबाट समेत उपयुक्तहुने गरी संरचनातयार गर्न निर्देशन दिने । | | | | | | |
| १ | ० | ४.२.१ गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरी बार्षिक नीति र कार्यक्रममा प्रजनन् स्वास्थ्य सम्बन्धीनीति र कार्यक्रम समावेश गर्ने । | लैससास कार्यदल | कार्यपालिका | योजना शाखा | २०७९ असार मसान्त सम्म | | नपर्ने |
| १ | ० | ४.५.३ ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) र सामाजिक परिचालन तयार गर्ने गरे । नगरेको ? (मनोनयन, नियुक्ति वा गठन र तालिम सम्बन्धी सुचकाँक).१ र २ महिला, बालबालिका तथा अपाङ्गमैत्री संरचना सम्बन्धि कार्यविधि बनाई नगरपालिकाद्वारा निर्माण गरिने संरचनामा लागू गर्ने । | लैससास कार्यदल | कार्यपालिका | योजना शाखा | आ.व. २०७९/०८० | | नपर्ने |
| १ | ० | ४.२.१ गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरी बार्षिक नीति र कार्यक्रममा प्रजनन् स्वास्थ्य सम्बन्धीनीति र कार्यक्रम समावेश गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक शाखा | २०७९ असार मसान्त सम्म | पर्ने | |
| १ | ०.५ | ४.२.२ नगरपालिका र मातहतका कार्यालयमा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीहरुका लागि स्तनपान गराउने छुट्टै कक्षको व्यवस्था गर्ने । | लैससास कार्यदल | कार्यपालिका | योजना शाखा | आ.व. २०७९/०८० | पर्ने | |
| १ | ०.५ | ४.२.४ बञ्चितीकरणमा परेका समुदाय, महिला, दलित समुदायलाई लक्षित गरी स्वास्थ्य बीमा गर्न सहजीकरण र सहयोग गर्ने तथा कार्यक्रम र बजेट व्यवस्था गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७९/०८० | | नपर्ने |
| १ | ०.५ | ४.३.३ निरक्षर महिलाहरुको लगत तयार गरी अनौपचारिक शिक्षा कक्षा संचालन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७९/०८० | पर्ने | |
| १ | ०.५ | ४.४.२ स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरूको सक्रिय सहभागितामा वडा वडामा खुल्ला दिसामुक्त पालिका, घरघरमा | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७९/०८० | पर्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | शौचालय, डाँडा र गौंडामा पोखरी, टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन गर्ने । | | | | | | |
| १ | ०.५ | ४.५.२ बैदेशिक रोजगारमा जाने महिला तथा बञ्चितिकरणमा परेको समुदायका लागि तालिम र परामर्श सेवा प्रदान गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७९/०८० | पर्ने | |
| १ | ०.५ | ४.५.२ लैङ्गिक हिंसा निवारण कोषलाई थप प्रभावकारी बनाई हिंसा पीडित महिलाहरुका लागि प्रेषण सहयोग, उपचार तथा स्वरोजगार कार्यक्रम संचालन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७९/०८० | पर्ने | |
| १ | ०.५ | ४.५.४ नगरपालिकामा क्रयशक्ति अनुरूप सुपथ मूल्य सहकारी पसलहरूको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व. २०७९/०८० | पर्ने | |
| **५. शुशासन तथा उत्तरदायीत्व** | | | | | | | | |
| १ | ० | ५.३.२ नगरँपालिकाका काम कारबाही तथा सुचनाहरु स्थानीय भाषमा तयार पारी प्रकासन/प्रशारण गर्ने । | लैससास कार्यदल | कार्यपालिका | सुचना अधिकारी | आ.व. २०७८/०७९ | पर्ने | |
| १ | ० | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाप उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको कार्ययोजना र संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदद्धारा पारित प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन राष्ट्रिय कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी गर्ने र उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | नगरपालिका | आ.व. २०७९/०८० | | |
| १ | ०.५ | ५.२.३ सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सुचनाको सार्वजनिकीकरण, नियमित पत्रकार भेटघाट, उजुरी पेटिका आदिका माध्यमबाट पालिकाले लिएका नीति तथा कार्यक्रमहरुका | लैससास कार्यदल | कार्यपालिका | नगरपालिका | आ.व. २०७८/०७९ | पर्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सन्दर्भमा बञ्चितिमा परेका व्यक्ति तथा समुदायबाट उठेका आवाजहरु सम्बोधन गर्न एक कार्यटोली ठन गर्ने । | | | | | | |
| १ | ०.५ | ५.१.२ स्थानीय तहले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकार जस्ता नीति कार्यान्वयनमा गर्ने । | लैससास कार्यदल | कार्यपालिका | नगरपालिका | आ.व. २०७९/०८० | | नपर्ने |
| १ | ०.५ | ५.१.३ महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने | लैससास कार्यदल | कार्यपालिका | नगरपालिका | आ.व. २०७९/०८० | | नपर्ने |
| १ | ०.५ | ५.२.२ नगरपालिकाले नियमति रूपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने । | लैससास कार्यदल | कार्यपालिका | नगरपालिका | आ.व. २०७८/०७९ | | |
| १ | ०.५ | ५.२.४ स्थानीय सरकारले गर्ने विभिन्न परिक्षणहरु नियमित पत्रकार भेटघाट र सुचनाको सार्वजनिकीकरणमा लक्षित तथा वञ्चितीकरणमा परेका समुदायको तर्फबाट स्थानीय सरकारले लिएको निति तथा कार्यक्रम र सोको कार्यान्वयनका विषयमा सम्बोधन गर्ने । | लैससास कार्यदल | कार्यपालिका | नगरपालिका | आ.व. २०७८/०७९ | पर्ने | |
| १ | ०.५ | ५.३.३ स्थानीय सरकारले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने | लैससास कार्यदल | कार्यपालिका | नगरपालिका | आ.व. २०७८/०७९ | पर्ने | |
| १ | ०.५ | ५.४.१ कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्वन्धित समुदायले पूरा लाभ लिन सक्ने छ । | लैससास कार्यदल | कार्यपालिका | नगरपालिका | आ.व. २०७९/०८० | | नपर्ने |

## ११. अनुगमन तथा मूल्याङ्कन

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि अनुगमनका लागि एक वहु क्षेत्रीय अधिकार प्राप्त अनुगमन कार्यदलको नीतिगत व्यवस्था हुनु आवश्यक हुन्छ । उक्त कार्यदलमा स्थानीय सरकारका प्रतिनिधि, महिला समूह, लैङ्गिकता सम्बन्धि विज्ञहरु, महिला अधिकार रक्षक, संकटासन्न र पछाडि पारिएका समूहका सञ्जालहरूका प्रतिनिधिहरु, मानव अधिकारकर्मीहरु, महिला अधिकारकर्मीहरु समेतको समावेशीता हुनेछ । उक्त कार्यदलले नीतिगत, रणनीतिक, कानुनी, कार्यनीति लगाएतका व्यवस्थागत प्रावधानहरुको अनुगमन तथा मुल्यांकन का साथसाथै स्थलगत अनुगमन र कार्यक्षेत्रका अन्य व्यवहारीक पक्षहरुको पनि अनुगमन गरि पालिका स्तरमा पृष्ठपोषण र आवश्यक सुझावहरु सिफारिस गर्नु पर्ने छ । साथै नगर कार्यपालिकाको सम्पन्न वैठक वाट गठित लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यदल का तर्फ वाट पनि नियमित रुपमा समग्र योजना तर्जुमा नीति निर्माण देखि कार्यान्वयन सम्मका सम्पुर्ण चरणहरुमा पनि विस्तृत रुपमै अनुगमन मुल्यांकन हुनेछ ।

## १२. निश्कर्ष

भिमाद नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त भएको अङ्कभार हेर्दा नीति, कानुन, योजना , संस्थागत व्यवस्था र मानव संसाधन तथा क्षमता विकास तुलनात्मक रुपमा सुधार गर्नुपर्ने रहेको देखियो । यद्यपि नगरपालिका ले धेरै सुचकहरुमा देखिने गरि काम गरेको भएता पनि प्रमाणीकरणका आधारहरु अभिलेख मा सुधार गर्नु पने देखियो । भिमाद नगरपालिकामा सर्मपित र दक्ष कर्मचारीहरुको टिम रहेको भएता पनि प्रयाप्त रुपमा सम्पुर्ण सुचकहरु जनकारी हुने किसिमले अभिमुखिकरण, क्षमता विकास तथा तालिमहरुको पनि व्यवस्था हुनु पर्दछ । साथै जनप्रतिनिधि तथा नेतृत्व ले पनि आवश्यक कानुन, नीति नियमहरु बनाएर पारित गरि कार्यान्वयन गरेमा सेवा प्रवाह प्रभावकारी हुन जान्छ ।

आगामि वर्ष हरुमा आन्तरिक रुपमा पनि यस्ता परिक्षणहरु गर्न सकेमा वाह्य रुपमा गरिने परिक्षणहरुमा प्रयाप्त तयारी सहित सम्पुर्ण सुचकहरु, नतिजा तथा आवश्यक प्रमाणहरुको अभिलेखिकरण पनि गरेमा पक्कै पनि नतिजा राम्रो हुने निश्चित छ ।

अन्तमा, भिमान नगरपालिकाले उप प्रमुखको संयोजकत्वमा गठीत लैं स सा स कार्यदलको भुमिका अनुसार नेपालको संविधान २०७२ ले जागिर गरेका आधारभुत अधिकार तथा सामाजिक समावेशीका प्रावधानहरुलाई मनन गर्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नीतिगत व्यवस्थाका साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति र कार्यविधि २०७७ समेतका प्रवाधानहरुलाई व्यवहारीक रुपमा लागु गरि नगरपालिकामको समग्र विकासको मुल प्रवाहीकरणमा सम्पुर्ण महिला, बालबालिका तथा वञ्चितीकरणमा परेका समुदायहरुलाई समावेश गर्न अहम भुमिका निवार्ह गर्नु पर्छ । साथै यस परिक्षणले तयार गरेका योजनालाई कार्यान्वयन गरी आगामी दिनहरुमा समग्र मुल क्षेत्रहरु, साहायक क्षेत्रहरु तथा सुचकहरुमा उल्लेख्य सुधार ल्याउने काम गर्नु पर्छ ।

## १३. सुझावहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट आएको अङ्कभार, विभिन्न दस्तावेजहरुको अध्ययन, लक्षित वर्गसँगको छलफल र सम्पुर्ण सूचकहरुको छलफलबाट लैससास पूर्ण रुपमा कार्यान्वयन गर्न देहाय बमोजिमका सुझावहरु रहेका छन् ।

नेपालको संविधानको धारा १८ र ३८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले अंगिकार गरेका उद्धेश्य प्राप्तिका लागि लैससासको नीति, कानुन र योजना तयार गर्दाका समयमा नै लक्षित वर्ग (विशेष गरी महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक अल्पसंख्यक) हरुको सहभागिता बढाउनुपर्ने ।

नगर पालिकामा गठित लैससास कार्यदल लाई विशेष अधिकार प्रदान गरि निर्णय समेतको अधिकार प्रदान गर्न नीतिगत रुपमा व्यवस्था गरिनु पर्ने ।

लैङ्गिक तथा सामाजिक अवस्थाहरुको तथ्याङ्क संकलन, व्यवस्थापन, अभिलेखीकरण तथा अध्यावधिकीकरणलाई पालिका स्तरमा नीति, प्रविधि, कर्मचारी व्यवस्थापन गरि संस्थागत गरिनुपर्ने ।

पालिकाले योजना तर्जुमा गर्ने क्रममा बढि भन्दा बढि समग्र समावेशी गर्नको लागि वस्तीस्तरवाटै लैससास संयन्त्र विकास गरि योजना छनौट गर्नु पर्दछ ।

लैङ्गिक हिंसामा परेका महिलाहरुका लागि मनोसामाजिक सेवा तथा प्रेषण प्रणालीको विकास गर्नुपर्ने । तथा जिल्ला र प्रदेश संग पनि समन्वय गरि एकिकृत लैंगिक सेवा प्रदान गर्न पहल गर्ने ।

हरेक कुराको सशक्तिकरण आर्थिक स्वतन्त्रता र निर्णयगर्ने कुरामा निधारर्ण हुने हुनाले महिला, पिछडिएका वर्ग, सीमान्तकृत समुदायलाई स्वरोजगार तथा आयआर्जनका लागि व्यवसाय, कृषि, बजार र पर्यटन सम्बन्धि स्रोत, सीप र तथा प्रविधीको व्यवस्था गर्नुपर्ने ।